**एनएमबि बैंक लिमिटेडको**
**विशेष साधारण सभाको विवरण (माईन्यूट)**

१. **प्रारम्भिक :**

एनएमबि बैंक लिमिटेडको मिति २०७६।०४।०९ गते बसेको सञ्चालक समितिको ३८७ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ८२(१) बमोजिम बोलाइएको विशेष साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणको सभापतित्वमा सम्पन्न भयो । सभा सम्वन्धी विस्तृत विवरण यस प्रकार छ ।

**सभा भएको मिति :** २०७६ साल श्रावण महिना २८ गते, सोमवार (तद्नुसार १३ अगष्ट, २०१९)

**स्थान :** नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, ललितपुर (स्टाफ कलेज) ।

**समय :** बिहान १०:३० बजे

२. **उपस्थिति :**

(अ) **सञ्चालकहरू**

| | | | |
|---|---|---|---|
| (१) | श्री पवन कुमार गोल्याण | – | अध्यक्ष (संस्थापक शेयरधनीहरुको तर्फबाट) |
| (२) | श्री नन्द किशोर राठी (MR. NICO PIJL को वैकल्पिक संचालक) | – | बैकल्पिक सञ्चालक (संस्थापक शेयरधनीहरुको तर्फबाट) |
| (३) | श्री राजेन्द्र काफ्ले | – | सञ्चालक (संस्थापक शेयरधनी कर्मचारी संचयकोषको तर्फबाट) |
| (४) | श्री हरिश्चन्द्र सुवेदी | – | सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| (५) | श्री प्रदीप राज पाण्डे | – | स्वतन्त्र सञ्चालक |

(आ) **आमन्त्रित प्रतिनिधिहरू**

| | | | |
|---|---|---|---|
| (१) | श्री मदन नारायण मल्लिक | – | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| (२) | श्री मदन सुबेदी | – | प्रतिनिधि, कर्मचारी सञ्चय कोष |
| (३) | श्री उमेश राज पाण्डे | – | प्रतिनिधि, श्री देव एशोसिएट्स, चार्टड एकाउन्टेन्टस् |
| (४) | श्री विवेक संजय बद्गामिया | – | प्रतिनिधि, एफएमओ, नेदरल्याण्डस् |
| (५) | श्री टि पुराहरन सि पि रामकृष्णन | – | प्रतिनिधि, योंग लियन रियाल्टी, मलेशिया |

(इ) **पदाधिकारीहरू**

| | | | |
|---|---|---|---|
| (१) | श्री सुनिल के.सी. | – | प्रमुख कार्यकारी अधिकृत |
| (२) | श्री प्रदीप प्रधान | – | प्रमुख संचालन अधिकृत |
| (३) | श्री सवनम लिम्बु | – | चिफ बिजनेश सपोर्ट अफिसर |
| (४) | श्री सरदतेगी तुलाधर | – | चिफ रिक्स अफिसर |
| (५) | श्री प्रमोद कुमार दाहाल | – | चिफ लिगल, कम्प्लायन्स एण्ड एएमएल अफिसर तथा कम्पनी सचिव |
| (६) | श्री गोविन्द घिमिरे | – | चिफ बिजनेस अफिसर |
| (७) | श्री सुदेश उपाध्याय | – | चिफ बिजनेस अफिसर |



NMB BANK LIMITED

(८) श्री नविन मानन्धर – चिफ विजनेस अफिसर
(९) श्री रोशन रेग्मी – प्रमुख, अपरेशन

(ई) **शेयरधनीहरू**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित शेयरधनी संख्या | १६४ | ५१७ | ६८१ |

३. **सभाको सभापतित्व तथा वैधानिकता :**

विशेष साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणलाई सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गरिए अनुरूप उहाँले सभाको सभापतित्व गर्नुभयो । विशेष साधारण सभा शुरू हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार उपस्थित शेयरधनीहरूले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभाको सभापतिज्यूको आज्ञाले कम्पनी सचिव श्री प्रमोद कुमार दाहालले देहायका विवरणहरू प्रस्तुत गर्नुभयो ।

(क) **सभाको बारेमा सार्वजनिक सूचना**

१. यस विशेष साधारण सभाको लागि सभा हुने मिति, स्थान, समय र छलफलका विषयहरू बारेको सूचना कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम विशेष साधारण सभा हुनुभन्दा १५ दिन अगावै शेयरधनीहरूको जानकारीकालागि सो बारेको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा दुई पटक मिति २०७६/०४/१२ र मिति २०७६/०४/२० गते अन्नपूर्ण पोष्ट राट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको र शेयरधनीहरुलाई ईमेल माफर्त समेत पठाईएको जानकारी गराउनु भयो । साथै संचालक समितिको प्रतिवेदन प्राप्त हुन नसकेका शेयरधनीहरूले उक्त प्रतिवेदन बैंकको बबरमहल स्थित प्रधान कार्यालयबाट प्राप्त गर्न सक्ने र शेयरधनीहरूको सुविधाको लागि बैंकको वेबसाइट www.nmbbanknepal.com मा पनि राखिएको व्यहोरा जानकारी गराउनु भयो ।

(ख) **गणपूरक संख्या**

१. गाभ्ने/गाभिने प्रयोजनका लागि नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०७६/०२/०३ गते देखि नै शेयर कारोवार रोक्का रहेको हुँदा विशेष साधारण सभाको बुक क्लोज कार्यका लागि उक्त मिति भन्दा अगावै कारोवार भएका शेयर मिति २०७६/०४/२० सम्ममा यस बैंकको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड मार्फत नामसारी/दाखिल खारेज भई कायम भएका शेयरधनीहरुले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कूल संख्या | शेयरधनीहरू | ४२६ | १२३,४३४ | १२३,८६० |
| | शेयर | ४,९०,५२,६२९.५१ | ४,७१,२८,९९७.०० | ९,६१,८१,६२६.५१ |


NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम सभा सञ्चालनकोलागि आवश्यक गणपूरक संख्या (बैंकका शेयरधनीहरूको स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयरहरूको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थित विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित संख्या | शेयर धनी संख्या | १६४ | ५१७ | ६८१ |
| | शेयर | ४,४७,७१,८४७ | १,२२,७८,२५३ | ५,७०,५०,१०० |
| उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयर | ९१.२७ | २६.०५ | ५९.३१ |

२. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरू उपर छलफल गर्न आज मिति २०७६/४/२८ मा स्वयं तथा प्रोक्सी मार्फत जम्मा ६८१ जना शेयरधनीहरूबाट यस बैंकको बाँडफाँड भएको कूल शेयर संख्याको ५९.३१ प्रतिशतले प्रतिनिधित्व हुने गरी उपस्थिति जनाइ सकेको हुँदा यस सभा वैधानिक भएको व्यहोरा जानकारी गराउनु भयो ।

## ४. सभाको शुभारम्भ :

विशेष साधारण सभा सञ्चालनका लागि बैधानिक आवश्यकता पूरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री पवन कुमार गोल्याणले राष्ट्रिय गान पश्चात उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

## ५. छलफलका विषयहरू :

**(क) बिशेष प्रस्तावहरु:**

१. एनएमबि बैंक लिमिटेड र ओम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने तथा एनएमबि बैंक लिमिटेड र ओम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा भएका संझौता तथा निर्णयहरुलाई अनुमोदन गर्ने र एक आपसमा गाभ्न/गाभिनका लागि अन्तिम स्वीकृति प्रदान गर्ने,

२. गाभ्ने/गाभिने प्रयोजनको लागि मुल्यांकनकर्ता श्री देव एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्बाट प्राप्त गाभ्ने/गाभिने संस्थाको सम्पत्ति र दायित्वको मूल्यांकन प्रतिवेदन तथा अन्य सम्वद्ध व्यवस्थाको आधारमा निर्धारण गरिएको शेयर मुल्य अनुपात (Share Swap Ratio) लाई स्वीकृति प्रदान गर्ने,

३. गाभ्ने/गाभिने प्रयोजनको लागि दुबै संस्थाको सम्पत्ति र दायित्वको मूल्यांकन (Due Diligence Audit) गर्न संयुक्त मर्जर समितिबाट नियुक्त लेखापरीक्षक श्री देव एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने,

४. गाभ्ने/गाभिने कार्य सम्पन्न भए पश्चात बैंकको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुँजी बृद्धि हुने हुँदा सोही बमोजिम बैंकको प्रवन्धपत्रको दफा ६(क), ६(ख) र ६(ग) संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने,

५. बैंकको प्रवन्धपत्रको दफा ५ को कक (५) पछि (६) थप गरि "सम्बन्धित निकायको स्वीकृति लिई बैंक आफैले वा सहायक कम्पनी मार्फत शेयर दलाल (Stock Broker) को कार्य गर्ने" व्यवस्था गर्ने ।



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

६. बैंकको नियमावलीको नियम ३० (संचालकको कार्यकाल अर्न्तगत "संचालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने") मा संशोधन गर्ने ।

७. बैंकको प्रबन्धपत्रमा तथा नियमावलीमा संशोधन गर्ने तथा संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन, प्रस्तावित संशोधन बाहेक मर्जर प्रयोजनका लागि बैंकको प्रबन्धपत्र तथा नियमावलीमा अन्य संशोधन आवश्यक भएमा आगामी साधारण सभाबाट अनुमोदन गर्ने गरी संशोधन गरी अभिलेखिकरण गराउन तथा यस विशेष साधारण सभाको निर्णय कार्यान्वयनका लागि गर्नु पर्ने सर्म्पूण कार्यहरु गर्न समेत सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ख) विविध ।**

६ **प्रतिवेदनको प्रस्तुतिः**

सभाको काम कारवाही शुरू गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले आफ्नो मन्तव्य राख्दै सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

७. **छलफलको लागि आह्वान :**

विशेष साधारण सभामा निर्धारित प्रस्तावहरूको बिषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरूप सभामा प्रस्तुत प्रस्तावहरुमा छलफलकालागि आ-आफ्नो मन्तव्य, बिचार, जिज्ञासा तथा सुझावहरू राख्न चाहने शेयरधनी महानुभावहरूलाई सहभागी हुँदै प्रस्तावहरु पारित गर्न सभापतिबाट अनुरोध भयो ।

८. **छलफलमा सहभागी हुने शेयरधनीहरू :**

विभिन्न विषय उपर छलफलकालागि सभापतिबाट अनुरोध भए पश्चात् देहायका शेयरधनी महानुभावहरूले छलफलमा सहभागि भई आ-आफ्नो विचार तथा मन्तव्य राख्नु भयो ।

| | | | |
|---|---|---|---|
| क. | श्री डमरु बल्लव घिमिरे | ङ. | श्री शिव प्रसाद शर्मा |
| ख. | श्री गुणराज भट्ट | च. | श्री दामोदर प्रसाद रेग्मी |
| ग. | श्री शिव प्रसाद पौडेल | छ. | श्री योगेन्द्र बहादुर थापा |
| घ. | श्री व्यास कुमार शर्मा | ज. | श्री विजय देव पन्त |

९. **शेयरधनीहरूबाट ब्यक्त गरिएका मन्तव्य तथा सुझावहरूको संक्षिप्त विवरण :**

(क) **श्री डमरु बल्लव घिमिरे :** उहाँले दुवै संस्थाको साधारण सभाको सूचना एकै दिन एउटै पत्रिकामा आएको भए शेयरधनीहरुलाई अध्ययन गर्न सहज हुने थियो । साधारण सभा समेत एकै दिन गर्ने प्रचलन विपरीत फरक फरक दिनमा अन्य संस्थाको साधारण सभा समेत जुध्ने गरि गरिएको छ । यसले हामी शेयरधनीहरुमा शंका उत्पन्न भएको छ भन्नुभयो । उहाँले डिडिए भन्दा १० प्रतिशत तल माथि गर्न सक्ने व्यवस्था उचित भएको पाईएन, एनएमबी बैंकले बारम्बार अनुरोध गर्दा समेत रजिष्टर्ड कार्यालय रहेको जिल्लामा साधारण सभा नगरी शेयरधनीहरुको अनुरोधलाई बेवास्ता गरेको भन्ने गुनासाहरु गर्दै समयमा नै सभाको सूचना दिएकोमा व्यवस्थापन तथा कम्पनी सचिवलाई धन्यवाद दिनु भयो । उहाँले शेयर कारोवार कहिले शुर हुने हो भन्ने प्रश्न समेत गर्नु भयो ।



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

(ख) **श्री गुणराज भट्ट** : उहाँले एनएमबि बैंक लि. ले ओम डेभलपमेन्ट बैंक लि. लाई गाभ्नका लागि बोलाईएको विशेष साधारण सभामा बोल्न दिएकोमा धन्यवाद दिनुभयो । उहाँले शेयरधनीको स्वीकृतिका लागि सभा बोलाईएको भए पनि कम्पनी ऐनका व्यवस्था हेर्दा हात्तीको देखाउने दाँत जस्तो भएको, संस्थापक शेयरधनीहरुको शेयरको प्रतिशतले नै प्रस्ताव पारित हुन सक्ने देखिन्छ भन्ने धारणा राख्दै कार्यालय समयमा काठमाडौं बाहिर साधारण सभा बोलाईएको र चिया पानको व्यवस्था समेत राम्रो नभएकोले शेयरधनीहरुको उपस्थिति कम भएको हुनसक्ने धारणा समेत राख्नु भयो । साथै, उहाँले संचालक तथा अतिथिहरुलाई सभामा लगाईने व्याच जस्ता सामानहरु नेपालमा पाईने कपडाबाट नबन्ने र प्लास्टिकहरु प्रयोग हुने भएकाले यसले वातावरणमा असर गर्ने हुँदा आगामी साधारण सभाबाट सो प्रयोग नगर्न अनुरोध गर्नुभयो ।

(ग) **श्री शिव प्रसाद पौडेल** : उहाँले करीव करीव अध्यक्षबाट सबै उत्तर आईसकेको तरपनि केही प्रश्नहरु रहेको भन्दै काठमाडौंमा नै विशेष साधारण सभा गर्नका लागि किन समयमा नै स्थान खोजी गर्ने कार्य भएन ? भन्ने प्रश्न गर्नु भयो । उहाँले एनएमबि बैंक सबै हिसावले राम्रो भएको तर राम्रो गरेको भन्दैमा शेयरधनीहरुलाई हेप्न भएन भनि गुनासाहरु समेत गर्नु भयो । उहाँले कार्यालयमा जाँदा अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतलाई भेट हुन नसकेतापनि हामी शेयरधनीहरुले कसलाई भेट्ने हो सोको जानकारी हामीलाई दिएमा सहज हुने सुझाव दिदै ओम डेभलपमेन्ट बैंकको शेयर लामो समय देखि रोकिएको छ । एनएमबिको पनि शेयर कारोवार रोकिएको छ भन्दै छिटो भन्दा छिटो शेयर कारोवार फुकुवा गर्न अनुरोध गर्नुभयो ।

घ) **श्री व्यास कुमार शर्मा** : उहाँले आजको विशेष साधारण सभामा पेश भएको ७ वटा एजेण्डा मध्ये ब्रोकर लाईसेन्स र मर्जरको एजेण्डा महत्वपूर्ण रहेको भन्दै ब्रोकर लाईसेन्स छिटो भन्दा छिटो प्राप्त गरि कारोवार गर्न, ब्रोकर लाईसेन्स पश्चात शेयर कारोबारमा शेयरधनीहरुलाई प्याकेजकै रुपमा थप सुविधाहरु दिई आकर्षित गर्न सुझाव दिनु भयो । उहाँले अध्यक्षले मर्जरको विषयमा आजको सभामा बोलेको कुरा आधिकारिक धारणा भएको र सोमा भविष्यमा फरक पर्न नहुने भन्दै मर्जर बैंकको हितमा रहेकोले विरोध गर्न नहुने धारणा राख्नु भयो । उहाँले विशेष साधारण सभाको प्रतिवेदन राम्रोसंग बनाएर सभामा पेश गरेकोमा धन्यवाद दिदै मर्जर पछिको रिजर्भ, नाफा लगायतका बिषयमा प्रतिवेदन मौन रहेको धारणा राख्नु भयो ।

(ङ) **श्री शिव प्रसाद शर्मा** : उहाँले बैंकको अवस्था राम्रो रहेकाले मर्जरले बैंकलाई अझ राम्रो गर्ने र शाखा खोल्ने खर्च भन्दा मर्जर नै ठिक रहेको धारणा राख्दै करका कुराले शेयरधनीहरुलाई समस्या परेको छ यसमा बैंकहरुले पनि बोल्नु पर्दछ भन्नुभयो । उहाँले मर्जर पछिको योजना समेत शेयरधनीहरुलाई दिईएको भए राम्रो हुने थियो भन्दै मर्जरको सफलताको कामना गर्नुभयो ।

(च) **श्री दामोदर प्रसाद रेग्मी** : उहाँले एनएमबि बैंकले आफ्नो गुडविलको मुल्य नै नहेरी स्वाप रेसियो तय गरेको भन्दै वाणिज्य बैंकहरु मर्ज हुँदा समेत ७६ भन्दा कम स्वाप रेसियो कायम गरि मर्ज भएकोमा डेभलपमेन्ट बैंकलाई दिईएको १०० बराबर ७६ स्वाप रेसियो बढी भएको धारणा राख्नुभयो । उहाँले ७६ स्वाप रेसियो दिन गरेको वित्तीय मुल्यांकन कसरी गरियो भनि प्रश्न गर्दै संचालक समितिमा निकै अनुभवी मान्छेहरु रहेकामा उहाँहरुले यो विषयमा सोच्नु पर्ने धारणा राख्नु भयो ।



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

(छ) **श्री योगेन्द्र बहादुर थापा** : उहाँले काठमाडौं भित्रका विज्ञहरुको कुरा सुन्न पाएकोमा खुशी व्यक्त गर्दै म मर्जर सफल पार्नका लागि उर्लावारी, मोरंग देखि आएको तर सभामा विज्ञहरुको विषय बस्तुभन्दा वाहिरका धारणाहरु सुन्दा बाटो भुलेको महसुस भएको भन्दै काठमाडौं र ललितपुरको साधारण सभा भएका स्थानका बीचमा सुगम र दुर्गमको विवाद नभएको र यो स्थान समेत पायकै पर्ने स्थान भएको धारणा राख्नुभयो । उहाँले ओम डेभलपमेन्ट बैंकलाई गाभ्ने प्रस्ताव ठिक भएको र यो विषय १ रुपैया र २ रुपैयाको कुरा भन्दा पनि ४ नं. प्रदेशमा बैंकको पहुँच विस्तार गर्ने रणनैतिक विषय भएको धारणा राख्नु भयो । उहाँले बैंकले सबै क्षेत्रमा राम्रो गरेकोमा खुसी व्यक्त गर्दै ड्यासमा विदेशी लगानीकर्ताहरु समेत भएकाले उनीहरुको अगाडी हामीले इज्जत राखेर बोल्नुपर्ने धारणा राख्नु भयो । अन्तमा उहाँले विशेष साधारण सभाको सफलताको कामना गर्नु भयो ।

(ज) **श्री विजय देव पन्त** : उहाँले मेरो बैंकको अध्यक्ष तथा संचालक भनी संबोधन गर्दै म पनि साविक प्रुडेन्सियल फाइनान्स कं. लि.को संचालक रहेको र एनएमबिमा मर्ज भए पश्चात रात दुई गुणा दिन चौ गुणा प्रगति भएकोले मेरो बैंक भन्ने शब्द प्रयोग गर्ने गरेको भन्नु भयो । उहाँले मर्जर रणनैतिक रुपमा अघि बढेको भए पनि मर्जरको सट्टा प्राप्ति गर्ने तर्फ जानुपर्ने थियो भन्नु भयो । साथै, उहाँले चौथो त्रयमासको वित्तीय विवरण प्रकाशित गर्न ढिला भएको भन्दै मर्जरको सफलताको कामना गर्नुभयो ।

## १०. शेयरधनीहरूको मन्तव्य र जिज्ञासा उपर सञ्चालक समितिको तर्फबाट प्रतिक्रिया तथा नीतिगत जवाफ :

सभाका सभापति तथा संचालक समितिका अध्यक्षले शेयरधनीहरुको जिज्ञासाको जवाफ दिने क्रममा मर्जरपछि पनि बैंकको मुनाफा कम नहुने र बैंकले शेयरधनीहरुलाई प्रत्येक बर्ष समान किसिमको प्रतिफल दिने लाभांश नीति लिएको छ भन्नुभयो । उहाँले अबको एक महिना भित्र मर्जरको सबैकाम सम्पन्न हुने र सो पश्चात शेयर कारोवार खुल्ला गर्नका लागि सम्बन्धित निकायमा पत्राचार गरिने प्रतिबद्धता व्यक्त गर्नु भयो । शेयरधनी बक्ताको सुझाब बमोजिम आगामी साधारण सभा देखि व्याचको प्रयोग नगर्ने कुरामा हामी विचार गर्दछौं भन्नुभयो । उहाँले ओम डेभलपमेन्ट बैंक लि. को बार्षिक साधारण सभा भएको र एनएमबि बैंकको विशेष साधारण सभा भएका कारण फरक फरक दिनमा सूचना प्रकाशित गरिएको हो यसमा कुनै अन्य कारणहरु छैनन् भन्नुभयो ।

सो पछि सभापतिको आज्ञाले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सुनिल के.सी.ले शेयरधनीहरुको जिज्ञासालाई देहाय बमोजिम सम्बोधन गर्नुभयो :

- Bakertilly जस्तो प्रतिष्ठित संस्थासंग सम्बद्ध रहेको देव एसोसिएट्स, चाटर्ड एकाउन्टेन्टस्‌बाट भएको डिडिए प्रतिवेदनमा शंका गनुपर्ने ठाउँ नरहेको ।
- एनएमबि बैंक फरक ढंगले काम गर्ने नेपालकै उत्कृष्ट बैंक रहेको, यसले दुई पटकसम्म लगातार नेपालको उत्कृट बैंकको अवार्ड पाएको र विदेशबाट विदेशी मुद्रामा रकम ल्याउन सक्ने हालसम्म एकमात्र बैंक रहेकोले हामीले पूँजी र वासलात जोड्नमात्र मर्जर गरेको नभई भविष्यलाई हेरेर मर्जरको निर्णय लिईएको ।
- मर्जर पश्चात अब ४ नं. प्रदेशमा हामी सबैभन्दा बलियो बैंक हुनेछौं । कृषि, पर्यटन र उर्जामा अपार सम्भावना रहेको यस क्षेत्रमा बैंकको बलियो उपस्थिति रहने छ ।
- ओम डेभलपमेन्ट बैंक लि. का कर्मचारीहरुलाई सम्मानजनक रुपमा व्यवस्थापन गर्ने प्रतिवद्धता व्यक्त गर्दै यस अघिको मर्जरमा पनि बैंकले आईटी, अपरेसन इन्टिग्रेसन तथा मानव श्रोतको व्यवस्थापनमा कुनै विवाद नरहने गरी सफलतापूर्वक कार्य गरेको ।
- मर्जर पछि बैंकको पूँजी तथा जगेडा कोष समेत गरी २० अर्ब भन्दा माथि हुने, बुक भ्यालु १५० भन्दा माथि हुनेछ ।



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

➢ बैंकले यस अघि ठूला परियोजनामा लगानी बढाएको, देशकै ठूलो परियोजनामा बैंकले अगुवा बैंकको रुपमा काम गरि सकेको । अब बैंकको ध्यान साना तथा मझौला व्यवसाय र उत्पादनशिल क्षेत्रमा हुनेछ र यसको लागि समेत यो मर्जरवाट महत्वपूर्ण सहयोग मिल्नेछ ।

➢ लाभांस वितरणका सम्बन्धमा गाभिने संस्थाको गत बर्षको नाफा गाभिए पछिको बैंकको रिजर्भमा गएर बस्ने र यस पटक गाभ्ने संस्थाको नाफाबाट सबै शेयरधनीहरुलाई लाभांस वितरण गरिनेछ ।

➢ अन्तमा यहाँहरुबाट प्राप्त साथ र सहयोगको लागि धन्यवाद व्यक्त गर्दछु भन्नु भयो ।

## ११. सभाबाट पारित प्रस्तावहरू :

बिषेश साधारण सभामा पूर्व सूचित छलफलका विषयहरू उपर सभाका सभापतिले पारित गर्नका लागि अनुरोध गर्दै क्रमानुसार राख्नु भएको सवै प्रस्तावहरू सभाका शेयरधनीहरूको सर्वसम्मत निर्णयबाट देहाय बमोजिम पारित भयो ।

**(क) बिशेष प्रस्तावहरु:**

१. एनएमबि बैंक लिमिटेड र ओम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने तथा एनएमबि बैंक लिमिटेड र ओम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा भएका संझौता तथा निर्णयहरुलाई अनुमोदन गर्ने र एक आपसमा गाभ्न/गाभिनका लागि अन्तिम स्वीकृति प्रदान गर्ने निर्णय भयो ।

२. गाभ्ने/गाभिने प्रयोजनको लागि मुल्यांकनकर्ता श्री देव एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्बाट प्राप्त गाभ्ने/गाभिने संस्थाको सम्पत्ति र दायित्वको मूल्यांकन प्रतिवेदन तथा अन्य सम्वद्ध व्यवस्थाको आधारमा ओम डेभलपमेन्ट बैंकका शेयरधनीहरुले ओम डेभलपमेन्ट बैंक लि. को प्रत्येक १०० कित्ता शेयर बराबर एनएमबि बैंक लिमिटेडको ७६ कित्ता शेयर प्राप्त गर्ने गरि निर्धारण गरिएको शेयर मुल्य अनुपात (Share Swap Ratio) लाई स्वीकृति प्रदान गर्ने निर्णय भयो ।

३. गाभ्ने/गाभिने प्रयोजनको लागि दुवै संस्थाको सम्पत्ति र दायित्वको मूल्यांकन (Due Diligence Audit) गर्न संयुक्त मर्जर समितिबाट नियुक्त लेखापरीक्षक श्री देव एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक रु.८,५०,०००/- (आठ लाख पचास हजार) (कर बाहेक) लाई अनुमोदन गर्ने निर्णय भयो ।

४. गाभ्ने/गाभिने कार्य सम्पन्न भए पश्चात बैंकको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुँजी बृद्धि हुने हुँदा सोही बमोजिम बैंकको प्रवन्धपत्रको दफा ६(क), ६(ख) र ६(ग) लाई देहाय बमोजिम संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय भयो ।

➢ दफा ६(क) मा हाल रहेको "बैंकको अधिकृत पूँजी रु.१०,००,००,००,०००।- (अक्षेरेपि दश अरब मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका १०,००,००,०००।- (दश करोड मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको अधिकृत पूँजी रु.१६,००,००,००,०००।- (अक्षेरेपि सोह्र अरब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका १६,००,००,०००।- (सोह्र करोड) थान शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था कायम गर्ने ।

➢ दफा ६(ख) मा हाल रहेको " बैंकको जारी पूँजी रु. ९,६१,८१,६२,६५१।९६ (अक्षेरेपि नौ अरब एकसट्ठी करोड एकासी लाख बैसट्ठी हजार छ सय एकाउन्न र पैसा छयानब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ९,६१,८१,६२६.५१ (अक्षेरेपी नौ करोड एकसट्ठी लाख एकासी हजार छ सय छब्बीस दशमलव एकाउन्न) थान शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरि " बैंकको जारी पूँजी रु. ११,५२,९७,४१,७०७।९६ (अक्षेरेपि एघार अरब बाउन्न करोड सन्तानब्बे लाख एकचालीस हजार सात सय सात र पैसा छयानब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ११,५२,९७,४१७.०७ (अक्षेरेपी एघार करोड बाउन्न लाख सन्तानब्बे हजार चार सय सत्र दशमलव शुन्य सात) थान शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था कायम गर्ने ।



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

➢ दफा ६(ग) मा हाल रहेको "बैंकको चुक्ता पूँजी रु.९,६१,८१,६२,६५१।९६ (अक्षेरेपि नौ अरब एकसट्ठी करोड एकासी लाख बैसट्ठी हजार छ सय एकाउन्न र पैसा छयानब्बे मात्र) हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरि " बैंकको चुक्ता पूँजी रु. ११,५२,९७,४१,७०७।९६ (अक्षेरेपि एघार अरब बाउन्न करोड सन्तानब्बे लाख एकचालीस हजार सात सय सात र पैसा छयानब्बे मात्र) हुनेछ ।" भन्ने व्यवस्था कायम गर्ने ।

५. बैंकको प्रवन्धपत्रको दफा ५ को कक (५) पछि (६) थप गरि "सम्बन्धित निकायको स्वीकृति लिई बैंक आफैले वा सहायक कम्पनी मार्फत शेयर दलाल (Stock Broker) को कार्य गर्ने" व्यवस्था गर्ने निर्णय भयो ।

६. बैंकको नियमावलीको नियम ३० मा हाल रहेको "संचालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने : एक पटक संचालक भइसकेको व्यक्ति पुनः संचालकमा नियुक्त हुन सक्नेछ । बैंकका अध्यक्ष तथा संचालक लगातार दुई पटक भन्दा बढि उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन सक्ने छैनन् ।" भन्ने व्यवस्थालाई संशोधन गरि "संचालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने : एक पटक संचालक भइसकेको व्यक्ति पुनः संचालकमा नियुक्ति तथा मनोनित हुन सक्नेछ । तर, कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ ।" भन्ने व्यवस्था कायम गर्ने निर्णय भयो ।

७. बैंकको प्रवन्धपत्रमा तथा नियमावलीमा संशोधन गर्ने तथा संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन, प्रस्तावित संशोधन बाहेक मर्जर प्रयोजनका लागि बैंकको प्रबन्धपत्र तथा नियमावलीमा अन्य संशोधन आवश्यक भएमा आगामी साधारण सभाबाट अनुमोदन गर्ने गरी संशोधन गरी अभिलेखिकरण गराउन तथा यस विशेष साधारण सभाको निर्णय कार्यान्वयनका लागि गर्नुपर्ने सर्म्पूण कार्यहरु गर्न समेत सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय भयो ।

**(ख) बिविध:** विविध शिर्षक अन्तर्गत कुनै पनि प्रस्तावहरु नरहेको ।

## १२. धन्यवाद ज्ञापन :

आजको विषेश साधारण सभा सौहाद्रपूर्ण वातावरणमा शान्तिपूर्वक सम्पन्न भएकोले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, संस्थापक शेयरधनीहरू, उपस्थित प्रतिनिधिहरू, पर्यवेक्षक लगायत उपस्थित पत्रकार मित्रहरू एवं अन्य गन्यमान्य व्यक्तिहरूलाई समेत यस बैंकको विशेष साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सभापितले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

## १३. सभा विसर्जन :

आजको यस बिषेश साधारण सभामा समावेश भएका विषयसूचीहरु अन्तर्गतका सम्पूर्ण विषयहरू समाप्त भएको व्यहोरा प्राप्त भएपछि बैंकका सञ्चालक समतिका अध्यक्ष तथा यस साधारण सभाका सभापति श्री पवन कुमार गोल्याणले दिनको १२:३०. बजे सभा समापन भएको घोषणा गर्नुभयो ।

द. ----------
(प्रमोद कुमार दाहाल)
कम्पनी सचिव

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

द. ----------
(पवन कुमार गोल्याण )
अध्यक्ष